म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११५ सोमबार १८ मंसिर २०८० ने. सं. ११४४ कछलागा 4 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खाद्य संस्थानको कोठाभित्र शव फेला

हेटौंडा, १७ मंसिर/हेटौंडा उपमहानगरपालिका-२, चौकीटोलस्थित खाद्य संस्थानको खुल्ला कोठाभित्र शनिवार एकजना पुरुषको शव फेला परेको छ ।

अन्दाजी ५४ बर्षीय पुरुषको सुतिरहेको स्थानमा मृत अवस्थामा खाद्य संस्थानको कोठाभित्र शव फेला परेको जनाइएको छ । उनको पहिचान नखुलेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । हेटौंडा बजारमा प्लास्टिक बटुल्दै हिड्ने उनी शनिबार बिहान मृत फेला परेका थिए ।

घटनास्थलबाट मुचुल्का पश्चात शव हैटौंडा अस्पातलमा लगिएको प्रहरीले जनाएको छ । शव पहिचानका लागि आफन्तको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ ।

### बागमती सरकारको चार महिने हिसाब

# विकास बजेट खर्चमा चरम निराशा, तलब भत्तामा उत्साह

निशा गुरुङ



हेटौंडा, १७ मंसिर/ बागमती प्रदेशमा चालू आर्थिक वर्ष २०८०/८१ को प्रथम चौमासिकमा सरकारको बजेट खर्चको निराशाजनक अवस्थाको उजागर गरेको छ ।

साउन, भदौ, असोज र कार्तिकसम्म प्रदेश सरकारको बजेट खर्च निराशाजनक छ । एकातिर बजेट खर्च कम छ भने अर्कोतर्फ बजेट विकासमा भन्दा कर्मचारी र जनप्रतिनिधिको तलब र भत्तामा बढी भइरहेको छ । यसले समग्र प्रदेशको आर्थिक अवस्थालाई कमजोर बनाइरहेको देखाउँछ । प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार कार्तिक मसान्तसम्ममा ९ प्रतिशत अर्थात ५ अर्ब ७८ करोड ७१ लाख रुपैयाँ बराबरको मात्र बजेट खर्च भएको देखिएको छ ।

चालू आवका लागि प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थापनतर्फ ५० करोड विनियोजन गरेको थियो । लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारसँग हाल ५६ अर्ब ९२ करोड १८ लाख रुपैयाँ मौज्दात छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी होमनाथ रिजालका अनुसार हालसम्म चालूतर्फ १३ दशमलव ४८ प्रतिशत अर्थात तीन अर्ब ५६ करोड ५९ लाख रुपैयाँ खर्च भएको छ । पुँजीगततर्फ ६ दशमलव २१ प्रतिशत अर्थात दुई अर्ब २२ करोड ११ लाख रुपैयाँ खर्च छ ।

बागमती प्रदेश सरकार देशका सात प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट ल्याउने र बढी आम्दानीको स्रोत भएको सरकार हो । तर, प्रदेश सरकार स्थापनाको सुरुवाती वर्ष अर्थात् २०७५/७६ देखि नै बागमतीको बजेट खर्च निराशाजनक छ । बजेट खर्च निराशाजनक मात्रै छैन, विकास निर्माणमा भन्दा कर्मचारी, जनप्रतिनिधि तथा राजनीतिक नियुक्ति लिएका पदाधिकारीहरुको तलबभत्ता र कार्यालय सञ्चालनमा बढी खर्च भइरहेको छ । जसको प्रभाव मुलुकको आर्थिक विकाससँग जोडिएको छ ।

बजेट पुँजीगत र चालु खर्चको रुपमा कार्यान्वयन हुने गर्छ । जसमा पुँजीगत बजेट विकास निर्माणमा हुने खर्च र चालु कर्मचारी तथा पदाधिकारीको तलब, भत्तासहित कार्यालय व्यवस्थापनको खर्च हो । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिकमा बागमती प्रदेशको बजेट खर्च पुँजीगतमा भन्दा चालुमा बढी छ । जसले विकास निर्माणमा वित्तीय प्रगति निराशाजनक र कर्मचारी तथा पदाधिकारीको तलबभत्ताको खर्चमा उत्साह देखिन्छ ।

कार्यकर्ता भर्तीका नाममा हुने गरेका जथाभावी करारमा कर्मचारी नियुक्ति, कर्मचारीको भ्रमणभत्ता अस्वाभाविक, आवश्यकताका आधारमा नभई राजनीतिक फाइदाका लागि नियुक्ति लिएका पदाधिकारीको अस्वाभाविक सेवासुविधा र आवश्यकताभन्दा बढी खोलिएका कार्यालयको खर्च व्यवस्थापनले सरकारको ढुकुटीमा 'भ्वाङ' पर्दै आइरहेको छ । प्रदेशको ढुकुटीमा परेको 'भ्वाङ' पुर्ने योजनामा सरकार लागेको देखिँदैन ।

प्रदेश सरकारको विनियोजित बजेटले विकास र समृद्धिको एजेन्डा पूरा हुने देखिन्न । ठूलो बजेटका लागि स्रोत जुटाउन जनतालाई चर्को राजस्वको भुंग्रोमा हाल्ने गरेका मन्त्रीहरुले स्वार्थ मिल्ने करलाई घटाउने र हटाउनेसम्मका कार्य गरेको घाम जस्तै छर्लङ्गै छ । बजेटको ठूलो हिस्सा विकासमा नभई चालु खर्च भइरहेकाले प्रदेशको समृद्धि अलपत्र बनेको हो । एकातिर चालु खर्चको तुलनामा विकास बजेट विनियोजन न्यून हुँदै गइरहेको र अर्कोतर्फ विकासका लागि विनियोजित बजेट पनि पूरै खर्च नहुनुले निरन्तर संकटमा मुलुकको अर्थतन्त्र छ ।

चालु आर्थिक वर्ष २०८०/८१ सुरु भएको चार महिना बितिसक्दा पनि सरकारले चालु, पूँजीगत र वित्तीय खर्च गरी कूल बजेटको ९ प्रतिशत मात्र खर्च गर्न सकेको देखिएको छ । गत वर्षको तुलनामा राजस्व संकलनमा केही सुधार गरेको सरकारको खर्च गर्ने प्रवृत्ति भने पुरानै देखिएको हो । प्रदेश सकारले चालु आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख बराबरको रुपैयाँको बराबरको बजेटको ल्याएको थियो । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार कार्तिक मसान्तसम्ममा ९ प्रतिशत अर्थात ५ अर्ब ७८ करोड ७१ लाख रुपैयाँ बराबरको मात्र बजेट खर्च भएको देखिएको छ ।

१२ महिनामा खर्च गरि सक्नुपर्ने बजेटमा समानुपातिक रुपमा खर्च गर्ने हो भने कूल बजेटको प्रतिमहिना ८ दशमलव ३३ प्रतिशत बजेट खर्च गर्नुपर्छ । तर, बागमती सरकारले चार महिनामा ९ प्रतिशतमात्र खर्च गर्नुले चालु आर्थिक वर्षमा पनि अन्तिम समयमा मात्र बढी खर्च हुने स्थितिको संकेत देखापरेको छ । आर्थिक वर्षको सुरुमा खर्च नै नहुने तथा भएपनि समयमा भुक्तानी नहुने र बजेटजति आर्थिक वर्षको अन्त्यमा खर्च प्रणालीले भ्रष्टाचार र असारे विकासलाई प्रशय मिल्दै आइरहेको छ ।

सूचना अधिकारी रिजालका अनुसार सरकारको गत वर्षको यही अवधिको तुलनामा यो आवमा बजेट खर्च केही घटेको छ । गत आव २०७९/०८० को पहिलो चौमासिकमा प्रदेश सरकारले १० प्रतिशत खर्च गरेको थियो । चालूतर्फ १४ दशमलव १४ प्रतिशत, पूँजीगततर्फ ६ दशमलव ३७ प्रतिशत खर्च भएको थियो । प्रदेशमा १२ मन्त्रालय रहे पनि थपिएको उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका लागि बजेट बाँडफाँड भएको छैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र पर्यटन मन्त्रालयकै बजेट कटौती गर्दै आएको लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

# गाउँबासीलाई आयआर्जनमा जोड्न बागमतीमा दुनाटपरी उद्योग



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका-९, बेतिनीस्थित अँधेरीमा दुनाटपरी उद्योग सञ्चालनमा आएको छ । न्यूनआय र विपन्न वर्गलाई आयआर्जनसँग जोड्न उद्योग सञ्चालनमा ल्याइएको हो ।

डिभिजन वन कार्यालय मकवानपुरको आर्थिक सहयोगमा दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहलाई प्लास्टिकजन्य सामग्रीलाई विस्थापित गर्न दुनाटपरी उद्योगका लागि प्रविधि हस्तान्तरण गरिएको हो । स्थानीयको जीविकोपार्जनमा थप टेवा पुगोस् भन्ने उद्देश्यले करिव ४ लाख ३८ हजार बराबर को दुनाटपरी बनाउने मेशीन सहयोग गरिएको हो । वन क्षेत्रमा प्रशस्त मात्रामा पाईने र बर्सेनी वन डढेलोको कारण डढेर खेरजाने सालको पातको उपयोग गरी रोजगारी सिर्जना गर्न सकिने डिभिजन वन अधिकृत पुष्पराज बर्तौलाले बताए ।

दुनाटपरी उद्योगले स्थानीयको आयआर्जन वृद्धि र सामुदायिक वनमा उद्यम प्रवर्द्धन गर्न थप टेवा पुग्ने उनको विश्वास छ । स्थानीयस्तरमा उपलब्ध सालको पात प्रयोग गरेर उत्पादन गर्न सकिने दुनाटपरी उद्योगले सामुदायिक वनमा उद्यम विकास गर्न र रोजगारी सिर्जना गर्न सहयोग पुर्‍याउने डिभिजन वन कार्यालय मकवानपुरका वन अधिकृत बसन्तराज गौतमले बताए । प्लाष्टिकको दुनाटपरी निरुत्साहित गर्न र यहाँका स्थानीयलाई आयआर्जनसँग जोड्न उद्योगको लागि प्रविधि हस्तान्तरण गरिएको उनको भनाई छ ।

प्लाष्टिकजन्य सामानहरुको प्रयोगमा कमि ल्याउने नीति बनिरहेको सन्दर्भमा यस किसिमको सामानको बजारको सम्भावना बलियो रहेको उनको भनाई छ । अधिकांश भोजभतेरमा प्लास्टिकबाट बनेका सामग्री प्रयोग हुन थालेपछि त्यसलाई विस्थापित गर्न दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पदमबहादुर खिरिणमगरले बताए । पछिल्लो समय भोजभतेरमा मात्र होइन हरेक जसो चियापसल र घरको भान्सामा समेत प्लास्टिकका गिलास, प्लेट चम्चाको प्रयोग बढ्न थालेको छ ।

प्लाष्टिकबाट बनेका सामग्री प्रयोग गरिसकेपछि त्यसको व्यवस्थापनमा समेत कठिनाइ हुने, वातावरण पनि प्रदूषित हुने भएकाले सालको पातबाट बनेको दुनाटपरी प्रयोगमा प्रोत्साहन गर्न उद्योग सुरु गरिएको अध्यक्ष मगरको भनाई छ । ८१ हेक्टर क्षेत्रफलमा फैलिएको दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूहमा ५३ घरधुरी आवद्ध रहेका छन् । प्लास्टिकका प्लेट, गिलास, चम्चालगायतका सामान प्रयोग गर्दा मात्र नभई नष्ट गर्दा समेत त्यसबाट निस्कने प्रदूषणले स्वास्थ्यमा असर पुर्‍याउने हुँदा सालको पातबाट बनाइएका सामग्री प्रयोग गर्नु राम्रो हुने भएकाले जंगलमा खेर गइरहेका पातबाट गाउँमै दुनाटपरीलगायत उत्पादन गर्न थालिएको छ ।

प्रविधि हस्तान्तरण कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले गाउँगाउँमा उद्यमशीलता बढाउनु पर्ने बताउँदै सामुदायिक वनभित्रबाट निस्कने वनपैदावरसँग सम्बन्धित विभिन्न वस्तुहरु नियमसंगत ढंगले उद्यमशीलता एवम् व्यावसायीकरण गरेर आर्थिक उपार्जन गर्न सकिने बताए । बागमती-९ का वडाध्यक्ष पुनराम घलानले वडामा प्लाष्टिकजन्य सामग्रीको प्रयोग घटाउँदै जाने बताए ।

# चिन पुगे बागमती प्रदेशप्रमुख शर्मा



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा चीन भ्रमणमा गएका छन् । पाँच सदस्यीय टोलीसहित शनिवार उनी ६ दिनका लागि चीन भ्रमणका लागि प्रस्थान गरेका हुन् ।

शर्मा २१ मंसिरमा नेपाल फर्कने कार्यक्रम रहेको छ । प्रमुखको भ्रमणटोलीमा प्रदेशप्रमुख शर्मा, पत्नी उर्मिला चौलागाईं, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेशका उपसचिव गोविन्दप्रसाद पौडेल रहेका छन् ।

जनवादी गणतन्त्र चीनको युनान प्रदेशबाट प्रदेशप्रमुख शर्माको नेतृत्वमा पाँच सदस्य भ्रमणटोलीलाई भ्रमणको लागि निमन्त्रण भई आएकाले टोली चिन प्रस्थान गरेको हो । भ्रमणबाट बागमती प्रदेश र जनवादी गणतन्त्र चीनका युनान प्रदेशबीच मित्रवत सम्बन्ध स्थापित भई कृषि, पर्यटनलगायतका क्षेत्रमा आपसी सहयोगको वातावरण सृजना हुने अपेक्षा गरिएको छ ।

बागमती प्रदेशप्रमुख शर्मा वैदेशिक भ्रमण चीनमा रहेकाले यसअवधिको कार्यभार गण्डकी प्रदेशप्रमुख पृथ्वीमान गुरुङले पाएका छन् । बागमती प्रदेशप्रमुखको अनुपस्थितिमा प्रदेशप्रमुखले गर्ने दैनिक प्रशासनिक कार्य सम्हाल्ने जिम्मेवारी राष्ट्रपति रामचन्द्र पौडेलले गण्डकी प्रदेशप्रमुख गुरुङलाई दिइएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

# बागमती प्रदेशको सर्वदलीय बैठक निष्कर्षविहीन

साझाकुरा संवाददाता



हेटौंडा, १७ मंसिर/ बागमती प्रदेशको सर्वदलीय बैठक बिनानिष्कर्ष टुंगिएको छ । सत्तापक्ष र प्रतिपक्षले आफ्नो अडान नछाड्दा आइतबार प्रदेशसभा सचिवालयमा बसेको सर्वदलीय बैठक निष्कर्षविहिन भएको हो ।

बैठकमा बजेट कार्यान्वयन, समितिका सभापतिको चयन र पूर्वाधार विकास कोषको रकम सम्बन्धमा छलफल भएको नेकपा एकीकृत समाजवादीका संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए । सत्तापक्ष र प्रतिपक्षीबीच सहमति नजुटेकाले पुन: अर्को बैठक बस्ने गरी आइतबारको बैठक स्थगित भएको नेता खनालले बताए । यद्यपी सहमतिको प्रयासलाई भने सत्तापक्षले जारी राख्ने उनले स्पष्ट पारे ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले भने सरकार प्रदेशको विकास र गणतन्त्रप्रति गम्भीर नबनेको आरोप लगाएको छ । एमालेका संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रदेश सरकार लाई सही बाटोमा हिड्न र मनोमानी ढंगले अगाडि नबढ्न सचेत गराएको बताए । एमालेले सत्तापक्षसंग संसदीय समितिको नेतृत्वको सवालमा बार्गेनिङ नगरेको पनि नेता थपलियाले स्पष्ट पारे ।

बजेट पास गर्ने बेला गरेको सम्झौतालाई कार्यान्वयन गर्न सरकारले आनाकानी गरेको नेता थपलियाको भनाई छ । नेता थपलियाले प्रदेशको विकास र समृद्धिको लागि एमालेले भने सर कारसंग संवाद गरिरहने पनि स्पष्ट पारे । बागमती प्रदेशसभामा प्रदेश मामिला, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति गरी पाँचवटा समिति छन् ।

समितिको सभापतिमा सबै राजनीतिक दलको आ-आफ्नै दाबी रहँदा सभापति चयनको बिषय नै पेचिलो बन्ने देखिन्छ । त्यसोत, प्रदेशमा रहेका सात राजनीतिक दललाई नै भाग पुर्‍याउने उद्धेश्यले दुईवटा समिति थप्ने तयारीमा मुख्यमन्त्री जम्मट्टेल रहेको समेत चर्चा छ । यद्यपी, हाल यो बिषयको छलफल सुरु नभएको उनको दाबी छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# डा.हेगन स्मृतिपार्कमा लगानी

हेटौंडा सहरको सूत्रधार डा. टोनी हेगनलाई हेटौंडावासीले सम्झना गरेका छन् । हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-१० स्थित टिसिएनमा पार्क निर्माण गर्न सुरु गरेको ५ वर्ष भएको छ । यो बीचमा करिव अधा करोड रुपैयाँ लगानी पनि भएको छ । हेटौंडाको टीसीएन क्षेत्रको खाली जमिनमा सुन्दर पार्क निर्माण गर्ने योजना हेटौंडा उपमहनगरका तत्कालीन नगरप्रमुख हरिबहादुर महतलगायतको थियो । हेटौंडा सहरको परिकल्पनाकार डा. हेगनको नाममा पार्क निर्माण गर्ने नगरको यो अभियान स्थानीयले सकारात्मक मानेका थिए । पार्कमा हेटौंडाको दृश्यावलोकन गर्न मिल्ने भ्यूटावर पनि निर्माण गर्ने योजना थियो । स्वीट्जरल्याण्डका नागरिक डा. हेगन प्रसिद्ध भूगर्भविद् हुन् । राजा बीरेन्द्रले उनलाई नेपालको मानार्थ नागरिकता दिएका थिए । हेगनको जन्म सन् १९१७ मा र निधन २००३ मा भएको थियो । नेपाल स्वीस परियोजनासँग सम्बन्धित रहेका उनले नेपालको सुक्ष्म अध्ययन गरेका थिए । सन् १९५० मा उनी विकास विज्ञको रुपमा नेपाल आएका थिए । तत्पश्चात् उनी संयुक्त राष्ट्रसंघ विकास नियोगको प्रतिनिधिका रुपमा नेपालमा रहेर काम गरे ।

नेपालको बसाइमा सुरुको ९ वर्षमा उनले करिव १४ हजार किमि पैदलयात्रा तय गरी नेपालको परिचय गराउने पुस्तक प्रकाशन गरी अन्तर्राष्ट्रिय समुदायमा नेपालको परिचय दिलाएका थिए । नेपालको सेवामा करिव ५० वर्ष समय बिताएका उनले आफ्नो अनुभवलाई आफ्नो पुस्तकमा समेटेका छन् । सगरमाथा नेपालमा पर्छ भनेर प्रमाणीत गर्नेदेखि अन्नपूर्ण क्षेत्रको पदमार्गको पहिचान गर्ने कार्यमा डा. हेगनको योगदान रहेको थियो । नेपाल भ्रमण गर्ने उनी पहिलो विदेशी नागरिक हुन् । उनका २ छोरी र १ छोरा छन् । उनलाई नेपाल सरकारले प्राज्ञमा नियुक्त गऱ्यो । त्यसैगरी उनी तत्कालीन सरकारले राजाको नाममा स्थापना गरेको वीरेन्द्र प्रज्ञा अलङ्कारबाट विभूषित भएका थिए । नेपालको संस्कृति, सम्पदा र सभ्यतासम्बन्धी अनेकौं दुर्लभ तस्विरहरु उनीसँग सुरक्षित थियो । त्यसलाई नेपालका अध्ययनकर्ताले उपयोग गरेका छन् । नेपालको अध्ययन गर्ने क्रममा उनी वि.सं. २०१४ तिर हेटौंडा आइपुगेका थिए । भारतबाट नेपाल प्रबेश गर्ने क्रममा पैदलै आएका हेगनले चुरियामाईको सुरुङ भएको स्थानबाट हेटौंडा आएको मानिन्छ । सालको रुख भएको स्थानमा मानववस्ती बस्न सक्छ भन्ने मान्यता उनीसँग थियो र आधुनिक हेटौंडाको रुपमा व्यवस्थित सहर बसाउने परिकल्पना गरे । त्यही परिकल्पनालाई हेटौंडा नगरपञ्चायतका पहिलो प्रधानपञ्च बासुदेव रिजालले कार्यान्वयनमा ल्याउने जमर्को गरेको पाइन्छ ।

हेटौंडाको वस्ती विस्तार र सहरीकरणको अवधारणाका सूत्रधार टोनी हेगनलाई हेटौंडावासीले सम्झना गर्नु उनीप्रतिको हार्दिक श्रद्धा हो भन्ने मान्यतास्वरुप उनको नाममा स्मृतिपार्क परिकल्पना गरी उनको नाममा पार्क र अर्धकदको सालिक राखिएको छ । मञ्चले तयार गरेको पार्कको गुरुयोजनामा भएका निर्माणलगायत अन्य कार्य प्राथमिकताका साथ गरिरहेको छ । विभिन्न निकायबाट स्रोत जुटाउँदै क्रमिक रुपमा कार्य गर्दै आएको छ । डा.टोनी हेगन स्मृतिपार्क विकास मञ्चको तेश्रो परिषद्को बैठक एवम् दोश्रो साधारणसभा शनिबार सम्पन्न भएको छ । मञ्चको सक्रियताले नै डा. हेगनको योगदानको उच्चतम् कदर हुने अपेक्षा छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १९ गते मंगलबार, ५ डिसेम्बर २०२३ । अष्टमी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:०६ । स्वयंसेवक दिवस । विश्व माटो दिवस । गोरखकाली पूजा । भौमाष्टमी ब्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ समाचार सुन्न पाइनेछ | **तुला** | : मनोकांक्षा सिद्धि हुनेछ |
| **वृष** | : मान सम्मान पाउन सकिनेछ | **वृश्चिक** | : गरेको कार्यमा सफलता मिल्नेछ |
| **मिथुन** | : मन खिन्न हुन सक्नेछ | **धनु** | : नयाँ कार्ययोजना बन्नेछ |
| **कर्कट** | : व्यापार व्यवसायबाट लाभ हुनेछ | **मकर** | : आकस्मिक लाभ हुनेछ |
| **सिंह** | : राजनीतिमा सफलता मिल्नेछ | **कुम्भ** | : राम्रो अवसर गुम्नेछ |
| **कन्या** | : काममा विलम्ब हुनेछ | **मीन** | : खर्च र दुःख बढ्नेछ |

# जति नखरा गरे पनि भारतले नेपालको बिजुली नकिनी सुखै छैन



विकास थापा

भारत सरकारले गत कात्तिक ३ गते प्रकाशन गरेको राजपत्रमा भारतीय विद्युत् वितरण कम्पनी (डिसकम) हरुले अनिवार्य जलविद्युत् खरिदसम्बन्धी नीतिलाई संशोधन गऱ्यो । यस संशोधनले भारतीय ती डिसकमहरुले नेपालबाट उत्पादित जलविद्युत्लाई पनि सामेल गराउने निर्णय गऱ्यो ।

यसअघि भारतले उसको देशबाहेक अन्य छिमेकी देशमा उत्पादन भएको नवीकरणीय (विशेष गरेर जलविद्युत् नै) ऊर्जालाई त्यस्तो अनिवार्य जलविद्युत् खरिद अर्थात् 'हाइड्रो पर्चेज अब्लिगेशन' (एचपीओ) मा सहभागी गराउन बर्जित गरेको थियो । त्यो अब खुल्यो ।

तर नेपालले उत्पादन गरेको जलविद्युत् सिधैं भारतीय डिसकमहरुले खरिद गरेर उसका ग्राहकहरुलाई वितरण गर्ने भन्नेचाहिँ होइन । भारत सरकारको केन्द्रीय विद्युत् प्राधिकरणअन्तर्गतको 'डेजिग्नेटेड अथोरिटी' ले अनुमति दिएपछि मात्र नेपाल (अर्थात् नेपाल विद्युत् प्राधिकरण) ले भारतीय बजारमा बेच्न पाउँछ ।

जसरी हाल भारतको 'डेजिग्नेटेड अथोरिटी' ले नेपाललाई कुल ६६२ मेगावाट बिजुली मात्र भारतको ऊर्जा विनिमय (इण्डियन इनर्जी एक्सचेञ्च– आईईएक्स) मा प्रतिस्पर्धात्मक तवरले बिक्री गर्न अनुमति दिएको छ, एचपीओसम्बन्धी नीति खुकुले भइसकेपछि पनि भारतमा बिजुली निर्यात हुने प्रक्रिया भने उही 'छ । अर्थात् भारतीय 'सदाशयता' र 'पटके अनुमति' लिनुपर्ने बाध्यता भने नेपाललाई अझापि छ ।

एचपीओमा नेपाललाई सहभागी गराउनैपर्ने मुख्यतया दुई कारण छन् । पहिलो, अबको केही महिनाभित्र भारतीय सरकारी कम्पनी सतलजले निर्माण गरेको अरुण तेस्रो (जडित क्षमता ९०० मेगावाट) पूरा हुँदैछ ।

त्यो बिजुली भारतीय विद्युत् बजारमा बिक्री गर्न उसको एचपीओसम्बन्धी साविकको व्यवस्थाले रोकेको थियो । नेपालको अरुण तेस्रोको बिजुली भारतीय बजारमा घुसाउन एचपीओ अवरोधक बनेको थियो, भारतले त्यो खुलाएको हो ।

दोस्रो, भारतीय ऊर्जा बजारमा अझै पनि तापीय विद्युत् नै हावी छ । कुल ४ लाख जडित क्षमता भएको भारतमा ६५ प्रतिशतभन्दा बढी बिजुली कोइलाबाट उत्पादन हुन्छ । कोइला उत्पादन र आयातमा भारतले जहिले पनि समस्या झेल्दै आएको छ ।

उसले अष्ट्रेलिया र इण्डोनेशियाबाट आयात गर्ने कोइलाको बजार दाम पनि अकासिएको छ । अर्थात् साविकको मूल्यभन्दा बजार मूल्य तेब्बर भएको छ । यसले बिजुलीको कच्चा पदार्थको लागत नै उच्च हुन गई बिजुली महँगो भइरहेको छ ।

यसैको फलस्वरुप भारतीय ऊर्जा विनिमयमा एक युनिट बिजुलीको भारतीय रुपैयाँ १८ सम्म परेको थियो । भारतीय नियामक निकायलाई त्यसलाई प्रतियुनिट भारु १२ भन्दा बढी नहुने गरी नियन्त्रण गऱ्यो । त्यसबाहेक भारतीय ऊर्जा संरक्षण ऐन, २००३ ले डिसकमहरुले भारत सरकारले बेलाबेला तोकेको एचपीओको अनुपातअनुसार स्वच्छ विद्युत् आपूर्ति गर्नैपर्ने प्रावधान राखेको छ ।

भारत सरकारले तोकेको अनिवार्य नवीकरणीय ऊर्जा आपूर्ति गर्न नसके ती डिसकमहरुले आर्थिक जरिवाना तिर्नुपर्ने हुन्छ । भारतमा भएभरको जलविद्युत् उत्पादनले पनि एचपीसम्बन्धी बाध्यकारी प्रावधान पूरा गर्न सक्दैनन् ।

भारतीय डिसकमहरुको भारत सरकारमाथि पनि छिमेकीको जलविद्युत्लाई एचपीओमा सामेल गराउन दबाब छ । यी दुई कारणले गर्दा भारतले नेपाललाईं उसको एचपीओ पोलिसीमा सहभागी गराएको हो ।

**यो नीतिले नेपाललाई के असर गर्छ ?**

भारतले नेपाललाई पहिलो पटक उसको 'डे अहेड मार्केट' मा सन् २०२२ को जून २ तारिखको दिन ३९ मेगावाट बिजुली बिक्री गर्ने अनुमति दिएको थियो । भारत सरकारकै आर्थिक तथा प्राविधिक सहयोगमा निर्मित त्रिशुली र देवीघाट (कूल ३९ मेगावाट) को बिजुली निर्यात अनुमति दिएको भारतले आयोजनाहरुलाई पटके अनुमति दिँदै आएको छ ।

यसरी हालसम्म भारतले ५२२ मेगावाटका विभिन्न जलविद्युत् आयोजनालाई 'रियल टाइम मार्केट'मा अनुमति दिएको छ । त्यसबाहेक मध्यकालीन विद्युत् व्यापार सम्झौताअनुसार भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगमलाई ११० मेगावाट बिक्री गर्दै आएको छ ।

यसरी हालसम्म भारतले नेपालको ६६२ मेगावाट बिजुली आयात गरेको हो । भारतमा बिजुलीको तीव्र संकट छ । भारतले कोइलाको धूँवा उडाएर उत्पादन गर्छ । तर नेपालको निर्यातयोग्य सबै बिजुली लिंदैन, बरु खेर गइरहेको छ ।

अर्थात् एक युनिट बिजुली पनि स्वच्छ ऊर्जाअन्तर्गतको हो भने त्यसको वैश्विक रुपमा अर्थ राख्छ । भारतले हरेक वर्ष हुने कोप सम्मेलनमा स्वच्छ ऊर्जालाई जोड दिँदै आएको छ । वातावरण प्रदूषणले नै भारतीय राजधानी दिल्ली आक्रान्त छ ।

जतिसुकै नखरा गरे पनि भारतले नेपालको बिजुली नलिइकन सुखै छैन । ३९ मेगावाटबाट लिन सुरु गरेको भारतले ६६२ मेगावाट पुऱ्यायो नै, १० वर्षमा १० हजार मेगावाट बिजुली आयात गर्ने निर्णय गरिसकेको छ ।

यतिले मात्र नपुगी एचपीओमा नेपाललाई सहभागी गराउन आफैँमा सुखद पक्ष हो । कालान्तरमा एचपीओमा पनि नेपालले पटेक अनुमति होइन, सहज रुपमा सहभागिता जनाउने अवसर पाउनेमा दुईमत छैन । किनभने नेपालमा स्वच्छ ऊर्जा फाल्ने, आफूकहाँ लोडसेडिङ गर्नुपर्ने अवस्थालाई भारतीय जनता, त्यहाँका व्यवसायीहरुले पनि टुलुटुलु हेरेर बस्न सक्दैनन् ।

भारतीय संस्थापन पक्षलाई दबाब पर्नेछ । फेरि अहिलेको युग भनेको आर्थिक र वातावरणीय युग हो- नेहरुकालीन होइन । किनभने नेपालमा उत्पादन गर्न सकिने सम्भाव्य बिजुलीले भारतको तीन राज्यको माग सम्बोधन गर्न सक्छ, यो कुनै चानचुने कुरो होइन ।

भारतीय कर्मचारीतन्त्रमा केही कर्मचारीहरुको नेपालप्रतिको दृष्टिकोण सकारात्मक नभएकै कारण अपेक्षित रुपमा दुई देशबीच बिजुली कारोबार हुन नसकेको मात्र हो । तर, समय र परिस्थितिले यस्तो बाध्यता सिर्जना गर्दैछ कि भारतले एक दिन नेपालको बिजुलीमा राष्ट्रियता खोज्नेछैन ।

त्यसैको कसीमा आएको हो १० वर्षमा १० हजार मेगावाट आयात र एचपीओमा नेपालको सहभागिता अनुमति । यसरी भारतले बिजुली लिइदेला र नेपालको विकास होला वा यहाँ उत्पादित बिजुली खेर नजाला भन्ने आशा नेताहरुको अक्षमताका कारण उत्पन्न भएको हो ।

नेताहरुको ध्यान स्वदेशमा विद्युत् खपत वृद्धि गर्नुपर्छ भन्नेतिर कहिल्यै गएन । किनभने नेताहरुको यसमा पढाई कम भयो । बिजुली खपत गर्दा देशको आर्थिक स्थिति कसरी सुदृढ हुन्छ भन्ने कुराको ज्ञान र चेतना यी नेताहरुमा भएन र नै प्रसारण लाइनमा अवरोध उत्पन्न गराइदिन्छन् ।

रणनीतिक र भू-राजनीतिक महत्वका प्रसारण लाइन निर्माणमा पनि नेताहरुको अवरोध छ । लप्सीफेदी सवस्टेशन यसैको गतिलो उदाहरण हो । सरिता गिरीले सिरहामा ४०० केभी प्रसारण लाइनमा ४ वर्ष रोक लगाइन् । जहाँ जहाँ अवरोध छ, ती सबै नेताले उचालेका र साथ दिएका कारण भएका हुन् ।

यही प्रसारण लाइन नभएकै कारण विगत चार वर्षदेखि हरेक वर्षायाममा बिजुली खपत हुन नसकी खेर फाल्नुपऱ्यो । बिजुली खपत वृद्धिले राष्ट्रको आर्थिक रुपान्तरण कसरी हुन्छ भन्ने एउटा उदाहरण हेरौं ।

देशभर हरेक वर्ष ८० अर्ब रुपैयाँभन्दा बढीको खाना पकाउने ग्यास (एलपीजी) खपत हुन्छ । यो खपतको केवल १० प्रतिशतलाई मात्र विद्युतीय चुल्होले विस्थापित गर्न सक्यो भने राज्यको ८ अर्ब रुपैयाँ बच्छ ।

त्यो आठ अर्ब रुपैयाँ अरु जलविद्युत् वा पूर्वाधारमा खर्च गर्न सकिन्छ । अब त, विदेशीले ऋण दिएनन् भने कुनै पनि पूर्वाधार निर्माण सम्भव नै छैन । किनभने राजस्व बल्लबल्ल उठ्छ वर्षको ९ खर्ब रुपैयाँ, नेता र कर्मचारीका तलब भत्तामा मात्रै वार्षिक १२ खर्ब रुपैयाँ खर्च हुन्छ ।

यस्तो साधारण खर्च धान्न पनि हरेक वर्ष ३ खर्ब रुपैयाँका दरले आन्तरिक ऋण लिनुपर्छ । त्यही भएर देशको सार्वजनिक ऋण कूल गार्हस्थ्य उत्पादन (जीडीपी) ४० प्रतिशतभन्दा बढी भइसकेको छ । अनि यो तथ्यांकले देखाउँछ कि राज्यले कुन आर्थिक स्रोतले विकास गर्छ ?

बिजुली खपत गराउने ज्ञान नहुने, भए पनि त्यसलाई रुपान्तरण नगर्ने, बिजुली खपत होस् नहोस् भाडमा जाओस् । नेताका यस्ता वृत्ति भएकै कारण आज मुलुक भारतले बिजुली लिइदिने भयो भनेर दंग पर्नुपर्ने स्थिति आएको हो ।

*(साभार: बाह्रखरी)*

# अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नु चुनौतीपूर्ण



रोहित रेग्मी

२०७५ मङ्सिर ११ गतेदेखि शुरु भएको सामाजिक सुरक्षा प्रणाली र सिङ्गो सामाजिक सुरक्षा कोषले नेपालमा धेरै आरोह र अवरोह व्यतित गरेको छ । यसबीचमा सामाजिक सुरक्षा कोषले नीतिगतरूपमा औपचारिक क्षेत्र, अनौपचारिक क्षेत्र, वैदेशिक क्षेत्र र स्वरोजगार सबैलाई सामाजिक सुरक्षाभित्र आबद्ध गर्नेगरी आफूलाई सबलीकरण गर्नुका साथै संरचना पनि विस्तार गरेर उपत्यकाबाहिर पनि आफ्ना कार्यालय स्थापना गरिसकेको छ । कोषले कार्यविधि तर्जुमा गर्ने र योगदानकर्ता र सरोकारवालाको सुझावलाई पनि मध्यनजर गरी समयानुकूल परिमार्जन पनि गर्ने गरेको छ ।

नेपालमा सामाजिक सुरक्षा कार्यक्रम भर्खरै स्थापित भइरहेको सन्दर्भमा यसलाई विभिन्न हिसाबले तुलना गर्ने पनि गरिन्छ । नेपालमा सामाजिक सुरक्षा कोष कतै अवकाश कोषसँग नजिक छ कि भन्ने हिसाबले पनि बुझ्ने गरिन्छ । वास्तवमा अवकाश कोष र सामाजिक सुरक्षा कोषमा आकाश जमिनको अन्तर छ । अवकाश कोष अवकाश हुँदा एकमुष्ट रकम लिएर जाने गरी बचतको सिद्धान्तमा आधारित हुन्छ । काम गर्दै गर्दा केही निश्चित रकम जम्मा गर्ने सिद्धान्त अवकाश कोषको हो भने सामाजिक सुरक्षा प्रणाली कुनै अवकाशसँग नजिक रहेको सिद्धान्त होइन ।

यो अवकाश कोषभन्दा फरक छ । यसैगरी यो बीमासँग पनि नजिक छैन । बीमा क्षतिपूर्तिको सिद्धान्तमा आधारित छ । त्यस कारण सामाजिक सुरक्षा कुनै अवकाश, बीमा, बैंक वा बढीभन्दा बढी मुनाफा दिने लगानीकर्ता कम्पनीभन्दा फरक छ । सामाजिक सुरक्षा कोष एउटा श्रमिक अर्थात् योगदान गर्ने योगदानकर्ताको जीवनमा आउन सक्ने सबै खालका आर्थिक असहजता तथा आउन सक्ने सबै किसिमका जोखिमहरूमा उसको परिवारमा आयको निरन्तरताको सुनिश्चितता गर्ने प्रणाली हो । जसलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठनले आयको सुरक्षा भनेर परिभाषित गरेको छ ।

**आर्थिक, सामाजिक सुरक्षाको सुनिश्चितता**

कोषमा आबद्ध भएपछि व्यक्तिको आर्थिक सुरक्षा सामाजिक सुरक्षा प्रणालीले गर्ने भयो । कोही व्यक्तिले कमाएर परिवार चलिरहेको छ तर ऊ बिरामी भयो, दुर्घटनामा पऱ्यो, ज्यान गयो, अशक्त भयो भने अर्थात् बुढेसकालमा कमाउन नसक्दा, बेरोजगार हुँदाका अवस्थामा परिवारमा आम्दानी जाँदैन । परिवारमा आम्दानी नजाने अवस्थामा आम्दानीको निरन्तरताको सुनिश्चितता गर्नुपर्छ भनेर अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १०२ ले सामाजिक सुरक्षाको न्यूनतम मापदण्ड प्रस्तावित गरेको छ । जहाँ नौ वटा विषय छन् जसमा नेपालको सामाजिक सुरक्षा प्रणालीले आठ वटा विषय कार्यान्वयनमा ल्याएको छ ।

पेन्सन कुनै सरकारी कर्मचारी वा सेना, प्रहरी वा भूपू सैनिकले मात्र पाउने भन्ने बुझाइबाट हुर्किंदै आएका हामी अब त्यसलाई परिवर्तन गरेर अब सबै नागरिकले बुढेसकालमा, अशक्त भएका बेला, असहज परिस्थिति वा ज्यान गएको बेला आश्रित परिवारले आजीवन पेन्सन पाउँछन् । यसमा कति समय योगदान गर्ने भन्नेभन्दा पनि योजनागतरूपमा फरक-फरक छ । कामको सिलसिलामा भएको दुर्घटनाका कारणले अशक्त भयो भने औपचारिक क्षेत्रका लागि अशक्तता पेन्सन पाइन्छ । अनौपचारिक, स्वरोजगार र वैदेशिक क्षेत्रको हकमा भने नौ महिनाको 'कुलिङ पिरियड' छ । त्यसैगरी वृद्ध अवस्थाको पेन्सन ६० वर्षको उमेरपछि पाइन्छ । मृत्यु हुँदाको पेन्सन औपचारिक क्षेत्रमा तुरुन्तै छ भने वैदेशिक र अन्य योजनाहरूमा नौ महिनापछि पाउने व्यवस्था छ । नौ लाख ३१ हजार योगदानकर्तालाई हामीले दुई भागमा राखेर हेर्नुपर्ने हुन्छ ।

औपचारिक क्षेत्रको संख्या चार लाख ६२ हजारभन्दा केही धेरै र वैदेशिक क्षेत्रमा चार लाख ६८ हजार हाराहारी छ । भर्खर चैत ८ गते शुरु भएको वैदेशिक क्षेत्रले औपचारिक क्षेत्रभन्दा अग्रणी हिसाबले र संख्यात्मक हिसाबले औपचारिक क्षेत्रलाई उछिनिसकेको अवस्था छ । औपचारिक क्षेत्रमा पाँच लाख पुग-नपुगको संख्यालाई एकदमै निराशाजनक संख्या हो कि भन्ने ढङ्गको कुरा सुनिन्छ । तर कोरेना महामारीजस्तो विषम परिस्थितिका कारण नेपालको अर्थतन्त्र दुई वर्ष असहज परिस्थितिमा रह्यो । त्यसपछि पनि अर्थतन्त्र सबलीकृत भएर अगाडि बढ्न नसकेको सन्दर्भमा कोषले यो संख्यालाई उत्साहप्रदरूपमा लिएको छ । यद्यपि सबै नागरिकलाई सामाजिक सुरक्षा पुऱ्याउनुपर्ने हिसाबले अहिलेको नौ लाखको संख्या आबद्धताका हिसाबले कम होला तर साढे चार वर्षको अवधिमा औपचारिक क्षेत्रको यो तथ्याङ्क हेर्दा अवश्य पनि कम होइन । वैदेशिक क्षेत्रमा उत्साहपूर्वक तथ्याङ्क बढिरहेको छ । त्यही तुलनामा योगदान नियमितताका लागि कोषले काम गरिरहेको छ ।

**सामाजिक सुरक्षा कोष कानुनतः अनिवार्य**

सर्वप्रथम त कुनै पनि ऐन वा कुनै पनि देशको संविधान स्वेच्छिक भन्ने हुँदैन । संविधानको मौलिक हकको रूपमा रहेको श्रमसम्बन्धी हकका आधारमा र योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी हक सबै श्रमिकलाई संविधानले नै सुनिश्चितता गरिसकेको छ । त्यही आधारमा तर्जुमा भएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र श्रम ऐन स्वेच्छिक हुँदैन । यो अनिवार्य अनि बाध्यात्मक हो । सबै श्रम ऐन लागू हुने क्षेत्रका श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध हुन कानुनतः अनिवार्य हो । यद्यपि कानुनतः अनिवार्य हुँदै गर्दा पनि सामाजिक सुरक्षा कोषमा आबद्धता किन भइरहेको छैन भन्ने सवाल पनि होला । सामाजिक सुरक्षाको सचेतना प्रभावकारीरूपमा सम्बन्धित पक्षसँग नपुगिरहेको अवस्थामा केही कम आबद्धता भएको हो कि भन्ने लाग्छ ।

तर चार लाख ६२ हजारको आबद्धता कम होइन । सामाजिक सुरक्षाको संरचना नै हेर्ने हो भने ऐन बन्दादेखि वा सञ्चालकको संरचना हेर्दा पनि सरकार, रोजगारदाता र ट्रेड युनियन अर्थात् योगदानकर्ता सबैको संलग्नता छ । त्यसैले यो कोष कुनै सरकार विशेषले वा सरकारले मात्रै ल्याएको कार्यक्रम होइन । यो सबैको कार्यक्रम हो । विभिन्न फोरममा पनि सुन्नुभयो भने सामाजिक सुरक्षामात्रै यस्तो प्रणाली हो जहाँ कसैले पनि विमति राख्दैनन् । चाहे रोजगारदाता, चाहे योगदानकर्ता, चाहे सरकार सबैले यसको स्वामित्व ग्रहण गरेका छन् ।

सामाजिक सुरक्षा कोष कानुनतः अनिवार्य विषय हो । यद्यपि आबद्ध नभइरहँदा के हुन्छ त भन्ने सवालमा २०७६ साउन १ गतेपछि औपचारिक क्षेत्रमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा आयो । २०७६ साउन १ गतेपछि कुनै पनि श्रमिक श्रम ऐन लागू हुने क्षेत्रमा कार्यरत छ भने उसले सामाजिक सुरक्षा कोषले दिने बराबरको सुविधा पाउँछ । योगदान गरेको छ भने कोषबाट पाउँछ । यदि कोषमा उसको रोजगारदाताले आबद्ध गरिदिएन वा आबद्ध भएर पनि नियमित पैसा तिरिदिएन भने सम्बन्धित रोजगारदाताले बेहोर्नुपर्ने गरी कानुनी व्यवस्था गरिएको छ । त्यो दायित्व भनेको कुनै श्रमिकको दुर्घटना भयो भने सम्पूर्ण उपचार खर्च रोजगारदाताको थाप्लोमा पर्छ । कुनै श्रमिक अशक्त भयो भने जीवनभरिको पेन्सनको दायित्व एकमुष्ट हिसाब गरेर दिनुपर्ने हुन्छ । ज्यान गयो भने उसको परिवारलाई दिने आजीवनको पेन्सन र उसको बालबच्चालाई दिने अध्ययन खर्चबापतको रकम दिनुपर्ने हुनसक्छ ।

सामाजिक सुरक्षा कोष अर्धन्यायिक निकाय पनि भएकोले यसको आदेश कार्यान्वयन गर्नु सबै रोजगारदाताको कर्तव्य पनि हुन्छ । यसको आदेश चित्त बुझेन भने उच्च अदालतमा मात्र पुनरावेदन लाग्छ । त्यस कारण त्यो असीमित दायित्व रोजगारदाताको थाप्लोमा छ यस कारण यो बाध्यात्मक हो । सामाजिक सुरक्षामा योगदान नगर्ने विषयलाई कसुर मानेर योगदान गर्नुपर्ने, २०७६ साउन १ गतेदेखिको रकमलाई योगदान बापत जम्मा गर्ने र त्यति नै जरिबाना गर्ने खालको बिगो कायम गर्ने वा अन्य प्रकारको कारबाहीको विषय पनि सामाजिक सुरक्षा ऐनले परिकल्पना गरेको छ ।

*क्रमशः पृष्ठ-३...*

# एमसीसी परियोजनाको हचुवा कार्यतालिका, बोर्डले गऱ्यो अस्वीकार


काठमाडौं/मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए) सञ्चालक समिति बैठकले प्रसारण लाइनको खरिद तथा निर्माणको प्रस्तावित नयाँ कार्यतालिकामा पुनर्विचार गर्न निर्देशन दिएको छ । प्रमुख कार्यकारी अधिकृत (सीईओ) खड्गबहादुर बिष्टले प्रसारणलाइन निर्माण सुरु गर्न अझै डेढ वर्षभन्दा बढी समय लाग्ने गरी खरिद योजना र कार्यतालिका बनेको जानकारी दिएका थिए ।

तर, बोर्ड बैठकले एमसीए व्यवस्थापनमा कामप्रति गाम्भीर्य र हतारो नदेखिएको भन्दै प्रस्तावित कार्यतालिकामा संशोधन गरेर नयाँ प्रस्ताव पेश गर्न निर्देशन दिएको छ । बैठकमा बोर्ड सदस्यहरुले व्यवस्थापनलाई हचुवामा परियोजना नै संकटमा पर्ने गरी फितलो खरिद योजना र कार्यतालिका नबनाउन सचेत समेत गराएका छन् ।

एक बोर्ड सदस्यका अनुसार एमसीसीको प्रसारणलाइन परियोजनाको ठेक्का रद्द भएको २ महिनापछि बसेको बैठकको सुरुमै सीईओ बिष्टले प्रसारणलाइन परियोजनाको ठेक्का रद्द भएकोबारे समयमै बोर्डलाई जानकारी गराउन नसकेको स्वीकार गरेका थिए । उनले एमसीसीको नियमअनुसार आफूसँग नै ठेक्का रद्द गर्ने अधिकार भएको र आफूले त्यसैअनुसार एमसीसीसँगको छलफलपछि निर्णय लिएको स्पष्टीकरण दिएका थिए ।

एमसीए व्यवस्थापनलाई लागत अनुमानभन्दा ६६ प्रतिशत बढी मूल्यमा टेन्डर परेपछि ३ असोजमा बसेको एमसीए बोर्ड बैठकले उत्पन्न समस्या समाधानका विकल्पहरु बोर्ड समक्ष पेश गर्न भनेको थियो । तर, २६ असोजमा अर्थमन्त्री प्रकाशशरण महत र बोर्डका अध्यक्ष अर्थसचिव कृष्णहरि पुष्करसँग छलफल समेत नगरी एमसीएले ठेक्का रद्द भएको जानकारी सार्वजनिक गरेको थियो । एमसीए व्यवस्थापनको उदासीनता बीच अर्थ मन्त्रालयको असन्तुष्टिले त्यसपछि बोर्ड बैठक बस्न ढिलाइ भएको थियो ।

११ मंसिरको बोर्ड बैठकमा सीईओ बिष्टले कमजोरी भएको स्वीकारोक्ति गरे पनि बोर्ड सदस्यहरुले व्यवस्थापनको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका थिए । एक सदस्यका अनुसार बैठकमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ठेक्का रद्द भएपछि प्रस्ताव गरिएको कार्यतालिकाले समस्या मात्रै बढाउने देखिएको बताउँदै कार्यशैलीमा सुधार गरेर नगए समस्या बढ्ने बताएका थिए ।




अर्थ मन्त्रालय स्रोतका अनुसार एमसीए नेपालले एसीसीको प्रावधानअनुसार नयाँ खरिद सम्झौतामा जाने वा सोझै खरिद गर्नेसम्मको प्रावधान रहेको भन्दै कुन विकल्पमा जाने भन्नेबारे छलफल गराएको थियो । बोर्ड सदस्यहरुले प्रतिस्पर्धा हुने गरी सार्वजनिक खरिदकै माध्यमबाट अघि बढ्नुपर्ने बताएका थिए ।

त्यसपछि एमसीएले बोर्डसमक्ष ठेक्का महँगोमा पर्नुको कारण खोज्ने, पुन: टेन्डरको लागि बिड डकुमेन्ट तयार गर्ने लगायतका काम गर्नुपर्ने कारण देखाएर साउन २०८१ (जुलाइ २०२४)सम्म ठेक्का आह्वान गरिसक्ने प्रस्ताव गरेको थियो । एमसीएले मंसिर २०८१ (नोभेम्बर २०२४)सम्म ठेक्का सम्झौता हुने र जेठ २०८२ (मे २०२५) अघि नै ठेकेदार फिल्डमा परिचालित (मोबिलाइज) भएर निर्माण थालनी हुने कार्यतालिका पनि सुनाएको थियो ।

५ वर्षभित्र सक्ने गरी गत १३ भदौदेखि दिनगन्ती सुरु भएको यो परियोजना १२ भदौ २०८५ (अगस्ट २०२८) सम्म नसकिए खर्च हुन बाँकी अमेरिकी अनुदान फिर्ता जान्छ । तर, एमसीएले करिब ३ वर्षको निर्माण अवधि राखेर ८५६ वटा टावरसहित ३१५ किलोमिटरको ४ सय केभी प्रसारणलाइन बनाइसक्ने गरी प्रस्ताव गरेको छ ।

राजनीतिक रुपमा गिजोलिएको यो परियोजनामा जग्गाको प्राप्ति र रुख कटानीमा अरु आयोजनामा भन्दा बढी समस्या पर्ने आकलन छ । जनताको एउटा वृत्तमा फैलाइएको एमसीसीबारेको नकारात्मक धारणाले ठेकेदारहरुलाई फिल्डमा काम गर्न समेत समस्या छ । अझ बन्ने टावरहरुका लागि नयाँ पहुँचमार्ग समेत बनाउन नपाइने गरी राखिएको कडा वातावरणीय शर्तहरुका कारण विकट पहाडी क्षेत्रमा तीब्र गतिमा काम गर्न सकस छ ।

सामाजिक र वातावरणीय प्रभाव कम गर्ने गरी टावरको संख्या घटाउन एमसीएले लामो दूरीका डाँडाहरुबीचमा लाइन तान्नुपर्ने गरी त्रुटिपूर्ण अध्ययन गराएकाले समेत यो परियोजना जटिल किसिमको बन्न गएको छ । अहिलेसम्म जग्गाको मुआब्जा दर तोक्ने काम समेत नभएकाले जग्गा प्राप्तिकै ठूलो सकस पर्ने स्पष्ट भइसकेको छ । यिनै कारण पनि प्रस्ताव गरिएजस्तो करिब ३ वर्षभित्र १० वटा जिल्ला भएर बन्ने प्रसारणलाइन कसरी बनिसक्छ भन्ने आंशका छ ।

यस्तो अवस्थामा एमसीएले 'रिल्याक्स परियड'को जसरी कार्यतालिका बनाएको भन्दै बोर्ड सदस्यहरुले असन्तुष्टि पोखेका थिए । 'कार्यतालिकाअनुसार त कार्यान्वयन सुरु भएको २ वर्षसम्म काम नै नगरी बित्नेभयो, यस्तो जटिल परियोजनाको काम कसरी बाँकी ३ वर्षमा सकाउनुहुन्छ ?' बैठकमा घिसिङले राखेको प्रश्न उद्धृत गर्दै स्रोतले भन्यो,'एमसीएले अहिले निर्धारित अवधिभित्रै कुनै काम नै गर्न सकेको छैन, परियोजना झन् अप्ठेरोमा फस्ने खालको यो कार्यतालिका मान्य हुन सक्दैन ।'

घिसिङले भारततर्फ निर्माण सुरु भइसकेको ४०० केभीको न्यू बुटवल-गोरखपुर प्रसारण लाइनको प्रशंग निकाल्दै एमसीसी परियोजनाअन्तरगत सोही लाइनमा जोडिने गरी नेपाली भूमिमा बन्ने १८ किलोमिटरको खण्डको भविष्यमाथि पनि चिन्ता दोहोऱ्याए । उनले डिसेम्बर २०२५ सम्म भारततर्फको १०० किलोमिटर लाइन बन्ने र त्यतिबेलासम्म नेपालतर्फ एमसीएले १८ किलोमिटर खण्ड पनि बनाइसक्नुपर्ने बाध्यात्मक अवस्था रहेको बताएका थिए । नोभेम्बर २०२४मा ठेक्का लागेर एक वर्षमा कसरी सो लाइन बन्छ भन्ने उनको जिज्ञाशा थियो ।

'भारततर्फ नेपाल-भारतको संयुक्त लगानीमा बनिरहेको यो लाइन समयमै उपयोग आएन भने हामीले भारतलाई चर्को जरिवाना तिर्नुपर्छ, हाम्रा ऊर्जा उत्पादकहरुको बिजुली पनि भारत निर्यात गर्न बाटो हुँदैन,' बैठकमा सहभागी एक अधिकारीले घिसिङको भनाइलाई उद्धृत गर्दै भने, 'देशमा उत्पादन भएको बिजुली बेच्न सकिएन भने हामीले ठूलो नोक्सानी ब्यहोर्नुपर्छ ।'

घिसिङले समयसीमाभित्रै बुटवलमा ४०० केभीको सबस्टेसन पनि बनाउनुपर्ने भन्दै सबस्टेसनको ठेक्कामा खेलाँची नगर्न समेत एमसीएलाई भनेका थिए । उनले प्रसारणलाइन निर्माणको सुपरभिजन गर्न भारतीय सरकारी परामर्शदाता कम्पनी वापकोस लिमिटेडलाई जिम्मा दिइएकोप्रति आश्चर्य प्रकट गरेका थिए । 'वापकोसले विद्युत प्राधिकरणको परियोजनमा पनि काम गरेको छ, त्यसको कार्यशैली अति नै खराब छ,' उनले भनेका थिए, 'कसरी प्राविधिक रुपमा कम्पनी छान्नु भयो त थाहा भएन, तर भविष्यमा समस्या पर्ने देख्छु ।' घिसिङको सुझावपछि बोर्ड सदस्यहरुले विकल्प प्रयोग गरेर भएपनि भारतसँग जोडिने १८ किलोमिटरको खण्डको निर्माण गराउन व्यवस्थापनलाई सुझाव दिएका थिए ।

एमसीएले प्रसारण लाइनको रि-टेन्डरको कागजात (रिबिड डकुमेन्ट) तयार गर्न वापकोसलाई दिने योजना पनि बैठकमा सुनाएको थियो । तर, सो कम्पनीसँग भएको खरिद सम्झौतामा यस्तो काम दिने उल्लेख नभएकाले कार्यादेश (स्कोप) सो कम्पनीलाई पुन: बोलपत्रको कागजात तयार गर्न दिने तयारी छ । तर, अहिलेसम्म एमसीए नेपाल डिजाइनमा नै त्रुटि भएर महँगिएको प्रसारणलाइन परियोजनालाई कसरी अनुमानित लागतभित्रै ल्याउने भनेर निष्कर्षमा पुग्न सकेको छैन ।

बैठकमा अन्य बोर्ड सदस्यहरुले राष्ट्रिय गौरबको आयोजनामा राखेर अघि बढेको परियोजनाको कार्यान्वयनमा एमसीए नेपालले अपेक्षित ढंगले काम गर्न नसकेको भन्दै आलोचना गरेका थिए । सीईओ बिष्टलाई पर्याप्त आधारहरु हेरेर कार्यान्वयन गर्न सकिने यथार्थपरक योजना बनाउन पनि उनीहरुले ध्यानकर्षण गराए ।

'अहिले एमसीएले बनाउने योजना र कार्यतालिका केही व्यक्तिको संलग्नतामा ओठे र कोठे किसिमले बनेको देखिन्छ,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'ग्राउन्ड नै नटेकेको र गृहकार्य नै नभएको योजनाले एमसीसी परियोजना सफल हुँदैन ।'

बोर्ड सदस्यहरुले सीईओ बिष्टलाई नेपाल विद्युत प्राधिकरणले प्रयोग गरिरहेको प्रसारणलाइनको 'बिडिङ टेम्प्लेट' विश्व बैंककै सहयोगमा बनेकाले त्यसलाई हेर्न सुझाव दिएका थिए । सो 'हाइ स्टान्डर्ड टेम्प्लेट' हेरेर ठेक्का गरेमा प्रसारणलाइनको नापनक्साङ्कनको आधारमा संशोधनहरु हुने र त्यसले परियोजनाको लागत घटाउन सहयोग गर्ने उनीहरुको भनाइ थियो ।

अर्थसचिव पुष्कर यूएईको कोप-२८ मा सहभागी भएर फर्किएलगत्तै बस्ने बैठकमा यथाशक्य छिटो ठेक्का गर्ने र ठेकेदार परिचालन गरेर काम थाल्ने गरी संशोधित कार्यतालिका ल्याउन बोर्ड बैठकले व्यवस्थापनलाई निर्देशित गरेको छ ।

# 'मायावी' प्याकअप, फिल्म सफल हुनैपर्ने दबाबमा पल



काठमाडौं/अभिनेता पल शाहले एक वर्ष जेल जीवनपछि अभिनयमा कमब्याक गरेको फिल्म 'मायावी'को छायांकन पूरा भएको छ । मुस्ताङ र पोखराका विभिन्न रमणीय स्थानमा ६० दिन छायांकन भएपछि फिल्म प्याकअप भएको हो । सो अवसरमा निर्माण पक्षले केक काटेर खुशी साटेको थियो । चाँडै फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गर्ने तयारीमा निर्माण टिम छ ।

दीवाकर भट्टराईको लेखन तथा निर्देशन रहेको फिल्ममा पलसँगै दीपिका प्रसाईं (भट्टराई), प्रशान्त ताम्राकार, लक्ष्मी गिरी, सुशील सिटौला, समिम खान, करिश्मा श्रेष्ठ, रवि डंगोल, राजाराम पौडेल, अंशु महर्जन, रमा प्रसाईंको पनि अभिनय छ । निर्देशक भट्टराई स्क्रिप्टलाई शतप्रतिशत उतार्ने कोशिश गरेको बताउँछन् । यो फिल्मले पलको करिअरलाई नै नयाँ उचाइँ दिने उनको विश्वास छ ।

फिल्ममा राज कटुवाल र चन्द्र पन्त निर्मातामा छन् भने सह-निर्मातामा राजु पराजुली, रमा प्रसाँई र नभ्नित झा रहेका छन् । त्यस्तै, कार्यकारी निर्मातामा प्रविन भट्टराई र करण सिंह छन् । सहयोगी निर्माता अम्बरीश कश्यप हुन् । फिल्ममा राजु थापाको डीओपी, एसडी योगीको संगीत तथा राम अविरलको गीत रचना छ । कमब्याक फिल्म भएकाले पललाई 'मायावी' सफल हुनैपर्ने दबाब छ ।

# 'हिटम्यान' पोस्टरमा रोमान्टिक बनेकी आँचल टिजरमा गायब




काठमाडौं/नेपाली कलाकारलाई लिएर नेपाली र तेलुगू भाषामा निर्माण भएको फिल्म 'हिटम्यान'को टिजर र पोस्टर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको पोस्टर रोमान्टिक थिममा तयार छ भने टिजरले एक्सन बोल्छ । पोस्टरमा अभिनेत्री आँचल शर्मा र अभिनेता बिष्णु अधिकारी रोमान्टिक अवतारमा चित्रित छन् । टिजरमा भने आँचल गायब छिन् ।

बिष्णु स्वयंले फिल्मको निर्देशन गरेका हुन् । नेपाली, हिन्दी, तेलुगू, तमिल, कन्नाडा, मलयालम, अरबी, चाईनिजसहित दश भाषामा एकसाथ रिलिज गर्न लागिएको फिल्ममा प्रशान्त ताम्राकार र मिलन सिजापतिसँगै भारतीय अभिनेत्री अदिती शर्माको पनि अभिनय रहेको छ । काठमाडौं, पोखरा, भारत, फ्रान्सको पेरिसमा छायांकन भएको 'हिटम्यान' दुईटा श्रृंखलामा निर्माण हुने बताइएको छ ।

आँचलले तेलुगू भाषामा फिल्म बनेता पनि आफूले नेपाली भाषामा नै संवाद बोलेको बताएकी छन् । विष्णुले भने फिल्मको चरित्रमा फिट हुने भएकाले आँचललाई लिएको बताए । फिल्मले नेपालको सुन्दरता प्रस्तुत गर्ने उनको भनाई छ । विश्वकै प्रतिष्ठित ओटीटी प्लेटफर्म अमेजन प्राइमले फिल्म किनिसकेको पनि उनको दाबी छ । हल रिलिजपछि मात्र फिल्म ओटीटीमा आउने उनले बताए ।

९९ सिनेमाज् तथा इष्ट एण्ड वेस्ट इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा दिपक अधिकरी निर्माता र सन्नी लावती सह-निर्मातामा छन् ।

फिल्ममा निर्देशक अधिकारी स्वयंको लेखन छ । मन्त्र आनन्दको संगीत, बी नागेश्वर रेड्डीको सम्पादन, वाइआर शेखरको छायांकन रहेको फिल्म लभस्टोरी-एक्सन कथावस्तुमा बनेको छ । फिल्म उत्कृष्ट बनेको निर्देशक अधिकारीको दाबी छ ।

# अनौपचारिक क्षेत्रका श्रमिकलाई....

यद्यपि सामाजिक सुरक्षा कोष कारबाहीमा भन्दा पनि सबै रोजगारदाता, सबै श्रमिक, सरकार सबैको कार्यक्रम हो भन्ने बुझाएर ल्याउनुपर्ने हो भन्ने कुरामा सचेत छ । र सबैलाई बुझाएर नै सामाजिक सुरक्षा कोषमा आबद्ध गराइएको छ ।

सामाजिक सुरक्षा कोषमा जम्मा हुने रकम श्रमिकको मात्र रकम हुँदैन । यो योगदानकर्ता तथा रोजगारदाताको पनि रकम हो । त्यस कारण त्यो ३१ प्रतिशत रकम विभिन्न शीर्षकमा जम्मा हुन्छ जसले योगदानकर्ताको जीवनमा आउने जोखिमलाई क्षतिपूर्ति गर्छ । यद्यपि नेपालको माटो सुहाउँदो हिसाबले सामाजिक सुरक्षाको कार्यक्रमलाई परिमार्जन गर्दै औपचारिक क्षेत्रको कार्यविधिको संशोधनले श्रमिकबाट काटिएको ११ प्रतिशत केही शीर्षकहरू उसको जीवनको सुरक्षा जस्तै- औषधि उपचार, अशक्तताका लागि छुट्याएर बाँकी आठ दशमलव ३३ प्रतिशत रकम र त्यसले कमाएको प्रतिफलसहित अवकाश योजनामा जागिर छोड्ने बित्तिकै भुक्तानी हुने व्यवस्था गरिएको छ । तर जागिर गर्दैगर्दा पनि उसलाई आर्थिक असहजता हुनसक्छ भन्ने कुरालाई मध्यनजर गरेर यदि ३६ महिना अर्थात् तीन वर्ष योगदान गरिसकेको योगदानकर्ताले कर्जा लिन पाउने व्यवस्था पनि कोषले गरेको छ ।

## अनौपचारिक क्षेत्रलाई आबद्ध गराउनु चुनौतीपूर्ण

अनौपचारिक क्षेत्रमा रहेका श्रमिकलाई कोषमा आबद्धताका लागि कार्यविधि तर्जुमा भएर साउन ३१ गते प्रधानमन्त्रीबाटै शुभारम्भ भएको हो । शुभारम्भमा दुई वटा पालिकासँग सम्झौता भएको थियो । अहिले त्यसैको निरन्तरतास्वरूप थप पाँच वटा पालिकासँग कोषले सम्झौता गरिसकेको छ । अनौपचारिक क्षेत्रको कार्यविधि चाहिँ कस्तो छ भने नामअनुसार नै औपचारिक क्षेत्रको जस्तो सहजता हुँदैन । उसको रोजगारदाता ठ्याक्कै चिनिने र बुझिने खालको हुँदैन । आज एक ठाउँमा श्रम गरेको हुन्छ, भोलि अर्को ठाउँमा श्रम गर्छ । उसको श्रम मौसमी प्रकृतिको पनि हुनसक्छ । त्यस कारण त्यो रोजगारीलाई पहिचान गर्ने र चिन्ने कुरा नै मुख्य कुरा हो । त्यो पहिचान गर्ने र चिन्ने नजिकको निकाय भनेको पालिका हो । त्यस कारण कोषले नजिकको निकायसँग सम्झौता गरेर कोषले कार्यान्वयन गर्ने योजना बनाएको छ ।

अहिलेसम्म वीरगञ्ज महानगरपालिकालगायत सात वटा पालिकासँग कोषले सम्झौता गरिसकेको छ । छैटौं वार्षिकोत्सवको अवसरमा कोषले सातै वटा पालिकालाई प्रशंसा पत्र पनि प्रदान गरेको छ । अब ती पालिकाले उसको क्षेत्रमा रहेका अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको पहिचान गरेर कोषमा आबद्ध गराउँछ । पालिकाले कार्यविधिले तोकेको निश्चित रकम श्रमिकबाट उठाएर केही रकम उसले पनि जम्मा गरिदिन्छ । यसमा श्रमिकले आफैं र कम जम्मा गर्न पनि सक्छन् । औपचारिक क्षेत्रमा रोजगारदाता जिम्मेवार हुन्छन् भने अनौपचारिक क्षेत्रमा पालिकाले सहजीकरण र पहिचान गर्ने काम गर्छ । औपचारिक र अनौपचारिकको दुई वटा छुट्टाछुट्टै कार्यविधि भएको हुँदा केही फरकपना देखिएको छ । कोष योगदानमा आधारित सिद्धान्तअनुसार चल्ने हुँदा औपचारिकको योगदानको दर र प्रतिशत केही फरक छ । जतिको योगदान गरेको छ, जतिलाई आधारभूत तलब मानेर योगदान गरेको छ, त्यति नै सुविधा पाउने कुराहरू छन् । शीर्षकका हिसाबले हेर्दा औपचारिकमा जुन शीर्षकहरू छन् अनौपचारिकमा पनि त्यही शीर्षकहरू रहेका छन् ।

अनौपचारिक क्षेत्रका श्रमिक कोषमा आबद्ध गराउने कुरा निश्चय पनि चुनौतीपूर्ण नै छ । चुनौतीपूर्ण भएकै कारण कोषले औपचारिक क्षेत्रबाट सामाजिक सुरक्षा योजना शुरु गरेको हो । त्यसपछि मात्र अनौपचारिक क्षेत्रमा प्रवेश गरिएको हो । यसमा लामो छलफलपछि सञ्चालक समिति, रोजगारदाता, योगदानकर्ता तथा सबै सरोकारवालाको सुझावलाई समेट्दै पालिकासँग पनि विभिन्न चरणमा छलफल गरेर सरकारको समेत सहकार्यमा कोष अगाडि बढेको हो ।

तर धेरै पालिकालाई सामाजिक सुरक्षा सचेतना के हो र किन चाहिन्छ भन्ने यथार्थ सूचना प्रवाह गर्न नसकेका कारण आबद्धता केही कम भएको हुनसक्छ । कोषले सात सय ५३ वटै पालिकालाई पत्राचार गरेर आबद्ध हुनका लागि आह्वान चाहिँ गरेको हो । ६०/७० वटा पालिका हामीसँग छलफलको क्रममा छन् । निकट भविष्यमा नै धेरै पालिकाले श्रमिकको सामाजिक सुरक्षाका लागि कोषसँग आबद्ध हुनेमा हामी आशावादी छौं । नयाँ विषय भएकोले पालिकाका पदाधिकारीसम्म सामाजिक सुरक्षा सचेतना पुऱ्याउनु जरुरी देखिएको छ ।

हामीसँग सबैभन्दा पहिले अनौपचारिक क्षेत्रका श्रमिक आबद्ध गर्ने स्याङ्जाको फेदीखोला गाउँपालिका हो । उसले सामाजिक सुरक्षाको आफ्नै खालको मोडलको कार्यक्रम चलाएको रहेछ । अहिले उसले सात सय १४ जना श्रमिकलाई कोषमा आबद्ध गर्नेगरी आबद्धताको क्रम शुरु भएको छ । यसका लागि पालिकाले बजेट तथा नीतिगत व्यवस्था गरिसकेको छ । पालिकाले प्रभावकारी ढङ्गले पहिचान गरेर कोषमा आबद्ध गर्दा निरन्तरताको सवालमा पनि त्यति चुनौती नहोला । सरकारको निकायको हिसाबले पनि पालिका वा कोषको मूल लक्ष्य भनेको अनौपचारिक श्रम बजारलाई औपचारिक बनाउनु हो । अहिलेको अनौपचारिक श्रमिक सधैँ अनौपचारिक क्षेत्रमा रहिरहन्छ भन्ने हुन्न र हुनु पनि हुन्न ।

अनौपचारिक क्षेत्रको श्रमिक औपचारिक श्रम बजारमा छिर्नेबित्तिकै त्यही सामाजिक सुरक्षा नम्बरबाट औपचारिक क्षेत्रमा निरन्तरता दिन्छ । त्यसो हुँदा पालिकाको दायित्व पनि रहँदैन ।

अहिले अनौपचारिक क्षेत्रका श्रमिक ठूलो संख्यामा भएको हुँदा उनीहरूलाई धेरैभन्दा धेरै समेट्नुपर्ने एउटा कुरा होला । तर पछि सबै श्रमिक कोषमा आबद्ध भइसकेपछि सानो संख्याका अनौपचारिक क्षेत्रका श्रमिकलाई समेट्न गाह्रो हुँदैन । अनौपचारिक क्षेत्रका श्रमिकको सवालमा पालिकासँगको मोडलका आधारमा अगाडि बढ्दा त्यति चुनौती हुन्छ भन्ने लाग्दैन ।

## सबै श्रमिकको सामाजिक सुरक्षाको व्यवस्था

यो संवैधानिकरूपमा सबै श्रमिकको सामाजिक सुरक्षाको हक व्यवस्था गरेर कार्यान्वयनमा ल्याएको कार्यक्रम हो । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख देशको यो एउटा महत्त्वपूर्ण कडी हो । स्वरोजगारमा रहेका व्यक्तिले कुनै न कुनै निकायमा दर्ता गर्नुभएको हुनसक्छ । यदि दर्ता नभएको भए पालिकाले सिफारिस गर्छ ।

*(साभार: उज्यालो अनलाइन)*

# 'पूजार सार्की'मा आर्यन र प्रदीप एकसाथ देखिँदै




काठमाडौं/लभस्टोरी फिल्ममा रुचाइएका दुई सुपरस्टार आर्यन सिग्देल र प्रदीप खड्का पहिलोपटक फिल्ममा एकसाथ देखिने भएका छन् । निर्देशक दिनेश राउतले आफ्नो नयाँ फिल्म 'पूजार सार्की'मा दुवैलाई मुख्य भूमिकामा प्रस्तुत गर्न लागेका हुन् । उनले आइतबार दुवैसँगको तस्बीर फेसबुकमा सेअर गर्दै सहकार्य पुष्टि गरे । आर्यन र प्रदीपको प्रवेशले फिल्मको 'स्टारकास्ट' बलियो बनेको छ ।

उनीहरुले निर्देशक राउतसँग यसअघि फिल्ममा काम गरिसकेका छन् । आर्यन त उनका संघर्षकालदेखिका साथी हुन् । 'आई एम सरी', 'क्लासिक' र 'नोभेम्बर रेन' गरी तीन फिल्ममा उनीहरुको सहकार्य भैसकेको छ । प्रदीपलाई भने राउतले 'प्रकाश'मा लिएका थिए । अब उनी यी दुवै नायकलाई लिएर फिल्म बनाउन कसिएका छन् । फिल्मका लागि अभिनेत्रीको भने टुंगो लाग्न बाँकी नै छ ।

संगीतकार सुभाष भुषालको निर्माण रहने फिल्मका लेखक विकास सुवेदी हुन् । सुवेदीसँग निर्देशक राउतको यसअघि 'प्रकाश'मा सहकार्य भएको थियो । वास्तविक कथा र पात्रबाट प्रभावित भएर बन्न लागेको फिल्मको छायांकन आगामी माघदेखि सुरु हुनेछ । एउटा कम्युनिष्ट व्यक्तिले जातिय समानताको लागि कसरी आफूलाई सार्कीमा बदल्छ भन्ने विषयमा आधारित भएर फिल्म बन्नेछ ।

# 'कबड्डी' जोडी अब 'रिमै'मा

काठमाडौं/ब्लकबस्टर फिल्म 'कबड्डी'को जोडी दयाहाङ राई र रिश्मा गुरुङ एकपटक फेरि एकसाथ देखिने भएका छन् । गोरख सिरानचोक एन्ड लिगलिग कोट फिल्मस्को ब्यानरमा बन्ने फिल्म 'रिमै'मा उनीहरुको जोडी बाँधिन लागेको हो । फिल्ममा दुवै अनुबन्ध भैसकेका छन् । 'मन्त्र' निर्देशक खिल बहादुर गुरुङ्गको निर्देशनमा बन्न लागेको फिल्ममा 'जारी' निर्देशक उपेन्द्र सुब्बाको पटकथा लेखन छ ।

फिल्ममा दयाहाङ र रिश्माका साथै वीरबल घलेको पनि अभिनय रहनेछ । निर्देशक गुरुङ र वीरबल घलेको कथा रहेको फिल्मको कार्यकारी निर्मातामा वीरबल घले, निर्माताहरुमा टीका गुरुङ्ग (यूके), प्रकाश गुरुङ्ग (यूके), जित यात्री गुरुङ्ग (नर्वे) र सचि कुमारी घले छन् । सह-निर्मातामा दुन बहादुर घले, हेमा गुरुङ्ग र विजय लामा छन् । आगामी चैतदेखि फिल्मको छायांकन सुरु गरिँदैछ । 'कबड्डी'को दुई श्रृंखला दयाहाङ र रिश्माकै वरिपरि घुमेको थियो । उनीहरुको नोकझोंक दर्शकलाई निकै मन परेको थियो । तेस्रो श्रृंखलामा भने रिश्मा अतिथि भूमिकामा सीमित भएकी थिइन् । यो जोडीलाई पुन: एकसाथ पर्दामा हेर्ने दर्शकहरुको चाहना अब 'रिमै'मा पूरा हुने भएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वडामै पुगेर योजना सम्झौता गर्दै मकवानपुरगढी

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मकवानपुरगढी गाउँपालिकाले वडा कार्यालयमै पुगेर स्थानीयस्तरका योजना सम्झौत गर्ने कार्यको थालनी गरेको छ ।

विकास निर्माणको कामलाई छिटो छरितो, सरल र प्रभावकारी बनाउन पहिलो चरणमा गाउँपालिकाले १, ७ र ८ नम्बर वडाबाट अभियान सुरुवात गरेको हो । १, ७ र ८ नम्बर वडा गाउँपालिकाको विकट क्षेत्र हुन् । यी तीन वडाबासीलाई गाउँपालिका केन्द्र आउन र पुनः घर पुग्न एक दिनै पूरै लाग्छ । जसकारण सर्वसाधारणले गाउँपालिकासम्म आउजाउ गर्न कष्टकर देखिएपछि वडामै योजना सम्झौता गर्ने निर्णय लिइएको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीले जानकारी दिए ।




गाउँपालिकाले १, ७ र ८ नम्बर वडामा पहिलो चरणको योजना सम्झौता गर्ने कार्य गरिसकेको छ । योजना सम्झौताका लागि गाउँपालिकाका अध्यक्ष दोर्जे स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत कार्कीलगायत प्राविधिक एवं शाखा प्रमुखसहितको टोली वडामा खटिएको हो । गाउँपालिकाले वडास्तरबाट छनोट गरी बजेट विनियोजन गरेका योजनाको सम्झौता वडामै पुगेर गर्न थालेपछि उपभोक्तालाई सहज भएको उपभोक्ताले बताएका छन् ।

वडा कार्यालयमा पुगेर योजना सम्झौतासँगै उपभोक्ता समितिका पदाधिकारीलाई योजना प्रक्रियाको बारेमा जानकारी दिन अभिमूखीकरण गरिएको प्रमुख प्रशासकीय अधिकृत कार्कीले बताए । गाउँपालिकाले १ देखि ८ नम्बर वडामा चालु आर्थिक वर्ष २०८०/८१ का लागि करिब २ सय ५० योजना छनोट कार्यान्वयन गर्दैछ । पालिकाले विनियोजन गरेका योजनाको बजेट फ्रिज नहोस र समयमै कार्य सम्पन्न होस भन्ने उद्धेश्यले सम्बन्धित वडा कार्यालयमै पुगेर योजना सम्झौता गर्ने योजना बनाएको कार्कीले बताए ।

विगतदेखिको असारे विकासको प्रचलनले गुणस्तरीय र प्रभावकारी काम नहुने, अनावश्यक चाप बढ्ने र बजेट फ्रिज जाने समस्याले गर्दा गाउँपालिकाले अभियान नै बनाएको जनाएको छ । असारे विकासको परम्परा हटाउन समयमै उपभोक्ता समिति गठन गर्ने, योजना सम्झौता गर्ने र सम्पन्न गर्ने समयावधि तोकेर काम अगाडि बढेको कार्की बताउँछन् । तोकिएको समयमा काम नगर्ने उपभोक्ता समिति र टेण्डरकर्ताको काम रोकिने कार्कीको भनाई छ । वडामै गएर योजनाको सम्झौता गर्दा उपभोक्ताको समय बचतसँगै पटक-पटक पालिकामा धाउनु पर्ने समस्या हट्ने छ ।



मकवानपुरगढी गाउँपालिका-४ कालीखोला क्षेत्रमा कृषक सानोकान्छी योञ्जन कोदो टिप्दै । मकवानपुरगढी गाउँपालिकामा कोदो पाकेपछि टिप्न किसानहरु व्यस्त रहेको गाउँपालिकाको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरी बताउँछन् । तस्बिरः *साझाकुरा* ।

# ‘राजनीतिक नेतृत्वमा बलियो निष्ठा र अठोट आवश्यकता छ’

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मकवानपुरका कम्युनिष्ट नेता तथा राष्ट्रियसभाका सदस्य रामचन्द्र राईले मुलुकलाई सही दिशामा अघि बढाउन राजनीतिक नेतृत्वमा बलियो निष्ठा र अठोटको आवश्यकता भएको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद राईले छ वर्षे अवधिको संसदीय अनुभव सुनाउँदै नेतृत्वमा अठोटको अभावले जनतामा राजनीतिप्रति नै विश्वास गुम्दै गएको टिप्पणी गरे । ‘बाहिर हुँदा यो यहाँ कमी-कमजोरी छ, यसो गर्नुपर्छ भन्छन् । तर, जब आफैं गर्नुपर्ने ठाउँमा पुग्छन्, बिर्सिन्छन् र निष्ठा डगमगाउँछ ।’, उनले भने, ‘निष्ठा डगमगाउँदा हाम्रो समग्र राजनीतिप्रति आममानिसले यी सब चटके हुन् भन्न थालेका छन् ।’, उनले राजनीतिक नेतृत्वसँगसँगै कर्मचारीको माथिल्लो तहका नेतृत्वलाई इमान्दारपूर्ण अठोटको आवश्यकता भएको बताए ।



‘उहाँहरुले देशका समस्या र चुनौती ठीक ढंगले अझ भनौं जस्तो छ त्यसैगरी बुझ्नुभएको छ । तर, त्यसलाई कार्यान्वयन गर्ने आँट जबसम्म हुँदैन सुधार सम्भव छैन । हो, निष्ठा र अठोटको खाँचो छ ।’, सांसद राईले भने । विसं २०३५ देखि राजनीतिक यात्रा सुरु गरेका उनले २०७४ साल फागन २० गते राष्ट्रियसभा सदस्यका रुपमा शपथग्रहण गरेका थिए ।

यही वर्षको आगामी फागुनदेखि उनको कार्यकाल सकिँदैछ । पहिलोपटक संघीय सांसदको भूमिका निर्वाह गरेका राईलाई संसदीय अभ्यासको छ वर्ष पुग्दै गर्दा भने जनताका आशा र अपेक्षाअनुसार काम नभएकोप्रति गुनासो छ ।

# गाँउपालिकाद्वारा आंशिक अपाङ्गता भएकालाई भत्ता



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मनहरी गाउँपालिकाले आंशिक अपाङ्गता भएका १ सय ३४ जनालाई परिचयपत्र र निर्बाह भत्ता रकम उपलब्ध गराएको छ ।

३२ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अबसरमा मनहरी गाउँपालिकामा आयोजित कार्यक्रममा १ सय ३४ जना ग बर्ग (पहेंलो कार्ड) का अपाङ्गता भएका ब्यक्तिलाई रकम प्रदान गरिएको हो । उनीहरुलाई प्रतिब्यक्ति ५ हजार ४ सय रुपैयाँसहित ग बर्गको अपांगता परिचयपत्र गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले वितरण गरेका हुन् । राज्यले पूर्ण अपाङ्गता (क र ख वर्ग) भएका व्यक्तिलाई भत्ता वितरण गर्दै आएको तर, आंशिक अपाङ्गता भएका व्यक्ति कहिल्यै नसमेटिएकोले स्थानीय सरकारले जिम्मेवारी वहन गरेको कालाखेतीले बताए ।

अपाङ्गता भएका ब्यक्तिको सहज जीवनयापनका लागि गाउँपालिकाले आगामी दिनमा अझै बजेट बृद्धि गरी भत्ता उपलब्ध गराउने अध्यक्ष कालाखेतीले बताए । गाउँपालिकाबाट आंशिक अपाङ्गता भएका ब्यक्तिले पनि परिचयपत्र र भत्ता प्राप्त गरेकोमा अपाङ्गता क्षेत्रमा क्रियाशील संघसंस्था र ब्यक्तिमा खुशी छाएको अपाङ्ग स्वावलम्बन जीवन पद्दति केन्द्र मनहरीका अध्यक्ष दिलबहादुर स्याङ्बोले बताए ।

मनहरी गाउँपालिका सामाजिक विकास समितिका संयोजक अनन्तप्रकाश अर्यालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सीता पुलामी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, सामाजिक विकास शाखाप्रमुख ज्ञानेन्द्र ढकाल, महिला तथा बालबालिका विकास शाखाप्रमुख शिला अधिकारी, एमआईएस अपरेटर दीपक अधिकारी, अपाङ्ग स्वावलम्बन जीवन पद्धति केन्द्र मनहरीका अध्यक्ष स्याङ्बो लगायतको सहभागिता थियो ।

# हेटौंडा कप बुद्धिचालको उपाधि भारतीय खेलाडी कुण्डुले जिते

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ एसियन खुल्ला रेटिङ हेटौंडा कप बुद्धिचाल प्रतियोगिताको उपाधि भारतका २३९३ रेटेड शीर्ष खेलाडी सुभयान कुण्डुले जितेका छन् ।

कुण्डुले ९ चरणको प्रतिस्पर्धामा ६ जित र ३ बराबर परिणाम निकाल्दै अपराजित ७ दशमलव ५ अंक बनाएर उपाधि हात पारेका हुन् । उनले नगद एकलाख २५ हजार पुरस्कार पाए । कुण्डुले अन्तिम खेल बराबर गर्दा उपाधि आफ्नो नाममा रहने भएपनि बंगलादेशका एफएम सरिफ होसेनमाथि जित हात पार्दै एकल बिजेता बनेका हुन् ।



नेपाल बुद्धिचाल महासंघको तत्वावधान तथा नेपाल खेलकुद महासंघ र जिल्ला बुद्धिचाल संघको संयुक्त आयोजनामा सम्पन्न प्रतियोगितामा ७/७ अंक जोड्दै दोश्रो स्थानमा बंगलादेशका आईएम मोहमद मिनहाज उद्दिनले नगद ७५ हजार र तेश्रो स्थान बनाएका भारतका एफएम अरबिन्दर प्रितसिं नगद ४० हजार जित्न सफल भए । बंगलादेशका सरिफ होसेन, भारतका अमरदीप बर्तके, बंगलादेशका आईएम अबु सुफिन सकिल, एफएम नारिकशेख, भारतका राहुल गुरुङ, एएफएम सौरभ चौबे र भारतका महिला खेलाडी मारियम फातिमा सबैले ६ दशमलव ५ अंक प्राप्त गर्दै चौथौँदेखि दशौं स्थानमा समेटिन सफल बनेका छन् ।

यसैगरी, हेटौंडा चेस क्लबको व्यवस्थापन रहेको प्रतियोगितामा एफएम नयम हक एघारौं, नेपालका एआईएम शुश्रुत दहाल बाह्रौं, डेवोस्निक तेह्रौं, आशिष राज चौधौं र भारतका आदित्य बर्तके पन्ध्रौं स्थानमा रहे ।

मकवानपुर जिल्ला बुद्धिचाल संघका अध्यक्ष मनोज श्रेष्ठको सभाध्यक्षतामा भएको पुरस्कार वितरण एवं समापन समारोहमा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, नेपाल बुद्धिचाल महासंघका अध्यक्ष हेराकाजी महर्जन, नेपाल खेलकुद महासंघका अध्यक्ष पर्शुराम बस्नेत, प्याब्सन बागमती अध्यक्ष केशवलाल श्रेष्ठले विजयी खेलाडीलाई नगद पुरस्कार राशीसहित ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका छन् ।

# दामनस्थित बनस्पति उद्यानलाई पर्यटन प्रवर्द्धनमा प्रयोग गर्न आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मकवानपुरको दामनमा रहेको पर्वतीय बनस्पति उद्यानलाई दामन आसपासको पर्यटन प्रवर्द्धनमा प्रयोग गर्न स्थानीयले आग्रह गरेका छन् । आइतबार बनस्पति विभागका महानिर्देशक राजेन्द्र केसी, उपमहानिर्देशक सरोजकुमार चौधरी तथा बनस्पति अनुसंधान केन्द्र मकवानपुरका प्रमुख रघुराम न्यौपाने समक्ष स्थानीयले यस्तो आग्रह गरेका हुन् ।

दामनस्थित सामाजिक संघसंस्था तथा राजनीतिक दलका प्रतिनिधिबीच भएको छलफलमा दामनमा रहेको पर्वतीय वनस्पति उद्यानलाई पर्यटन प्रवर्द्धनको निम्ति उपयोग गर्न स्थानीयको आग्रहसँगै करिव १३ सय रोपनी जग्गा रहेको उद्यानलाई पर्यटन र जडिबुटीको माध्यमबाट स्थानीय वासिन्दाको आर्थिक हैसियत उकास्न सकिने र यसको लागि स्थानीय तहसँग सहकार्य गरी अघि बढ्नु पर्ने नेकपा (माओवादी केन्द्र) थाहानगर अध्यक्ष बिनोदकुमार लामाको भनाई थियो ।



छलफलमा महानिर्देशक केसीले उद्यान संरक्षणमा सहयोग पुऱ्याउने स्थानीय दामनबासीलाई धन्यवाद दिँदै आगामी दिनमा उद्यानलाई पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने खालको गुरुयोजना तयार गरी कार्यक्रम संचालन गर्ने र रोजगारीको सिर्जना समेत हुने खालको कार्यक्रम संचालन गरी स्थानीय तहसँग सहकार्य गरेर नै यी कार्यक्रमहरु कार्यान्वयन गरिने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

# शिवम् सिमेन्ट्सद्वारा विद्यालय बस र झोला सहयोग




साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ शिवम् सिमेन्ट्स लिमिटेडले मकवानपुर र चितवनका एक-एक वटा विद्यालयलाई स्कुल बस र विद्यार्थीलाई स्कूल ब्याग (झोला) सहयोग गरेको छ ।

शिवम्ले हेटौंडा उपमहानगरपालिका-१७, हटिया मकवानपुरस्थित लक्ष्मी आधारभूत विद्यालयलाई स्कुल बस तथा भरतपुर-१५, मंगलपुर चितवनस्थित विश्वप्रकाश माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि स्कुल ब्याग वितरण गरेको छ ।

शिवम् सिमेन्ट्सले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत स्कुल बस तथा स्कुल ब्यागहरु वितरण गरेको हो । उद्योग तथा खानी क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विगतका वर्षमा पनि विभिन्न शैक्षिक सामग्री वितरण, छात्रवृत्ति कोषको स्थापना तथा न्यानो कपडा वितरण जस्ता कार्य गर्दै आइरहेको छ ।

सन् २००९ मा नेपालका केन्द्र भाग हेटौंडामा स्थापित यो उद्योगले अत्याधुनिक जर्मन प्रविधियुक्त प्लान्टबाट आफ्नै चुनढुँगाको प्रयोग गरी उच्चगुणस्तरको क्लिंकर र शिवम् सिमेन्ट तथा शिवम् प्लस सिमेन्ट उत्पादन तथा बिक्री गर्दै आएको छ ।

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०८०/०८/१२ गते हेटौंडा-४ पारिजातपथस्थित सिटिजन बैंक अगाडि पार्किङ गरि राखिएको अवस्थाबाट दिउँसो ४:५० बजेको समयमा बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बरः** लु ০५ प ५८০१
**मोटरसाइकल धनीको नामः** होराइजन अटो प्रा.लि./विकास वि.क.
**मोटसाइकलको ब्राण्ड (नाम)**: बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग**: कालो रातो
**मोटरसाइकल बनेको वर्ष**: सन् २०२३
**चेचिस नम्बर**: MD2A13EX4NCM84800
**इन्जिन नम्बर**: DKXCNM39147
**सम्पर्क फोन नम्बरः** ९८६६८७६६१९

# इन्द्रसरोबरमा बसले किच्दा वृद्धाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिका-५ कुवामा आफैं चढेको बसले किच्दा एकजना वृद्धाको ज्यान गएको छ ।

स्थानीय ७० बर्षीया कान्छीमाया घलानको उपचारको क्रममा काठमाडौंमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बसबाट ओर्लने क्रममा चालकले बस अगाडि बढाउँदा लडेर बसको टायरले किच्दा वृद्धा गम्भीर घाइते भएकी थिइन् । चखेल-मातातीर्थ सडक खण्डअन्तर्गत काठमाडौंबाट चखेलतर्फ आउँदै गरेको बा २ ख ७२७२ नम्बरको बसमा कान्छीमाया यात्रा गरी आएकी थिइन् ।

घाइते वृद्धाको उद्दार गरी उपचारको लागि ट्रमा सेन्टर काठमाडौं पठाइएकोमा अवस्था गम्भीर भएपछि थप उपचारका लागि



बिएण्डबि अस्पताल काठमाडौं पठाइएको थियो । उनको उपचारको क्रममा शनिवार साँझ ८ बजेर १३ मिनेटमा डाक्टरले मृत घोषणा गरेको प्रदेश प्रहरीले जनाएको छ ।

बस चालक स्थानीय २६ बर्षीय राजकुमार दोङलाई नियन्त्रणमा लिइएको प्रहरीचौकी फाखेलले जनाएको छ ।

**पालुङ्ग बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**पालुङ, मकवानपुर**

**२४औं बार्षिक साधारणसभा सम्बन्धी सूचना**

*(दोस्रो पटक प्रकाशित)*

यस संस्थाको संचालक समितिको निर्णयानुसार २४औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा तपाई शेयर धनी सदस्यज्यूलाई उक्त सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**
साधरण मिति : २०८० साल पौष ९ गते सोमवार
समय : विहान १०:०० बजे
स्थान : संस्थाको प्राङ्गण था.न.पा. ४ थानाबजार

**छलफलका विषयहरू**
१. २४औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट कार्यावाहक अध्यक्षको प्रतिबेदन ।
२. आ.व. २०७९।०८० को लेखा परीक्षण प्रतिवेदन सहितको आर्थिक प्रतिवेदन ।
३. २४औं वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८०।०८१ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८०।०८१ को लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
६. संस्था एकीकरण (गाभ्ने), प्राप्ती गर्ने र सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
७. शेयर लाभांश वितरण सम्बन्धमा ।
८. कोषहरु खर्च गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिका सदर गर्ने सम्बन्धमा ।
१०. अध्यक्षज्यूको राजिनामा सम्बन्धमा ।
११. संचालक समितिको उपनिर्वाचन सम्बन्धमा ।
१२. विनियम संशोधन सम्बन्धमा ।
१३. विविध ।

# कांग्रेस मकवानपुरको जिल्ला सम्मेलन पुस पहिलो साता

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ नेपाली कांग्रेस मकवानपुरले आगामी पुस ३ गते जिल्ला सम्मेलनको मिति तय गरेको छ । पार्टीको जिल्ला अधिवेशन, स्थानीय, प्रदेश र संघको निर्वाचनको समिक्षा र आगामी सांगठनिक गतिविधि तय गर्नका लागि आव्हान गरिएको जिल्ला भेलाको तयारी तीब्ररुपमा अगाडि बढाइएको जनाएको छ ।

पार्टी प्रतिनिधि, शुभेच्छुक र भातृ संगठनका अगुवाबीच छलफल भएको छ ।

पार्टी जिल्ला सचिव भीमसेन महतको सभाध्यक्षतामा भएको छलफलमा नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नम्बर १ सभापति दामोदर खनाल तथा पार्टी जिल्ला सदस्यद्वय अर्जुन चौलागाईं तथा खेमराज सापकोटा एवम् पार्टी शुभेच्छुक तथा भातृ संगठनका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

पार्टी सचिव महतले जिल्ला भेलाको तयारीको विषयमा छलफलमा जानकारी गराएका थिए । उनका अनुसार भेलामा करिब दुई हजार जनाको उपस्थिति रहनेछ । करिब १४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको त्यसका लागि स्रोत व्यवस्थापनको तयारी भइरहेको बताए । उनका अनुसार पार्टीको वडादेखि, स्थानीय तह, क्षेत्र, संघ र जिल्लास्तरमा भेलाको विषयमा छलफल भइरहेका छन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना